# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ५० मितिः २०७९/१२/२२


## भाग - ३

# श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

स्वीकृत मितिः २०७९/१०/१२
प्रमाणित मितिः २०७९/१०/२७

**प्रस्तावना :**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्वन्धी कार्य सञ्चालनको लागि टीकापुर नगरपालिकाले श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय देखिएकोले,

टीकापुर नगरपालिकाको सहकारी ऐन २०७५ को दफा १०१ को उपदफा १ बमोजिम टीकापुर नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

स्थानीय राजपत्र

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "टीकापुर नगरपालिकाको श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) "अध्यक्ष" भन्नाले श्रम सहकारी संस्थाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "आयोजना" भन्नाले टीकापुर नगरपालिका वा सो अन्तर्गतको वडाबाट पूर्ण वा आंशिक लागत साझेदारिमा सञ्चालित योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ । यसले टीकापुर नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सरकारी वा गैर सरकारी संघ संस्था वा गैर नाफा मुलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउँछ ।

(ग) "कार्यपालिका" भन्नाले टीकापुर नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयलाई बुझाउनेछ ।

ङ) "ठूलो मेशिनरी तथा उपकरण" भन्नाले उच्च प्रविधियुक्त तथा वातावरणलाई असर पुर्‍याउने प्रकृतिका ठूला मेशिनरी उपकरण ( बुल्डोजर, एक्साभेटर जस्ता) र श्रममुलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्छ ।

(च) "पदाधिकारी" भन्नाले श्रम सहकारी संस्थाको सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्छ । सो शब्दले लेखा सुपरिवेक्षण समितिका संयोजक र सदस्यलाई समेत जनाउँछ ।

(छ) "लाभग्राही" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउँछ ।

(ज) "लेखा सुपरिवेक्षण समिति" भन्नाले श्रम सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिलाई सम्झनु पर्छ ।

(झ) "वडा" भन्नाले टीकापुर नगरपालिका भित्रका वडालाई सम्झनु पर्छ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(ट) "विनियम" भन्नाले दफा ३ को (३) बमोजिम श्रम सहकारी संस्थाले बनाएको विनियम सम्झनु पर्छ ।

(ठ) "सदस्य" भन्नाले श्रम सहकारीका सदस्यलाई जनाउनेछ र सो शब्दले श्रम सहकारी संस्थाका पदाधिकारीलाई समेत जनाउँछ ।

(ड) "सम्झौता" भन्नाले आयोजनाको निर्माण सञ्चालन व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र श्रम सहकारी संस्था बिच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउँछ ।

(ढ) "समिति" भन्नाले श्रम सहकारी संस्थाको सञ्चालक समितिलाई सम्झनु पर्छ ।

(ण) "श्रम सहकारी संस्था" भन्नाले टीकापुर नगरपालिका भित्रका आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार गर्न सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएको श्रम सहकारी संस्था सम्झनु पर्छ ।

**३. कार्यविधिको पालना गर्नुपर्ने :** (१) टीकापुर नगरपालिका भित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन, मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने श्रम सहकारी संस्थाले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

(२) कुल लागत रकम एक करोड सम्म भएको तथा स्थानीय सीप श्रोत र साधन उपयोग हुने र स्थानीय
स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन श्रम सहकारी संस्था मार्फत गर्न सकिनेछ ।

(३) श्रम सहकारी संस्थाको गठन, परिचालन तथा व्यवस्थापन गर्न सम्बन्धित संस्थाले आफ्नो विनियम बनाउनु पर्नेछ । उक्त विनियम टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सहकारी दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पश्चात लागू हुनेछ ।

## परिच्छेद–२

## श्रम सहकारी संस्थाको गठन र सञ्चालन

**४. श्रम सहकारी संस्थाको गठन सम्बन्धी व्यवस्था :** (१) श्रम सहकारी संस्था मार्फत सञ्चालन हुन सक्ने संभावित आयोजनाहरुमा आफ्नो श्रम र सीपमा आधारित कार्य गर्ने कम्तीमा पन्ध्र जना सम्बन्धित कार्यक्षेत्र भित्रका प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम सहकारी संस्थाको सदस्य बन्न योग्य नेपाली नागरिकहरु आपसमा मिलि श्रम सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवारका एक सदस्यका दरले संख्या पुगेको हुनु पर्नेछ ।

तर संस्था दर्ता भई सकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

(३) श्रम सहकारी संस्थाको गठन देहाय बमोजिम हुनेछ :

स्थानीय राजपत्र

(क) विकास निर्माणका आयोजना सञ्चालनका लागि गठन हुने श्रम सहकारी संस्थामा ७ देखि ११ सदस्य सम्मको सञ्चालक समिति गठन गर्नुपर्नेछ ।

(ख) एउटा वडामा मात्र कार्यक्षेत्र सीमित रहेका श्रम सहकारी संस्थाको समितिहरु गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

(ग) समिति गठन गर्दा समावेशि सिद्धान्तको अवलम्वन गर्नु पर्नेछ । समितिमा कम्तिमा तेत्तिस प्रतिशत महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एकजना महिला हुनु पर्नेछ ।

(घ) एक व्यक्ति एक भन्दा बढि श्रम सहकारी संस्थाको सदस्य हुन पाउने छैन । साथै एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(ङ) श्रम सहकारी संस्था र उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु श्रम सहकारी संस्थाहरुबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ ।

(च) श्रम सहकारी संस्थाले सम्झौता बमोजिम गर्नुपर्ने काम उक्त संस्थाका सदस्य आफैले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई जिम्मा दिई गर्न गराउन पाईने छैन ।

(छ) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न श्रम सहकारी संस्थाको अभिलेख अनुसूची – १ को ढाँचामा व्यवस्थित गर्नु पर्नेछ ।

(ज) मानवीय श्रमबाट सम्भव नहुने प्रकृतिका योजना तथा आयोजनाहरुको जटिल स्थानमा कार्यालयको पूर्व स्वीकृति लिई ठूला मेशीनरी तथा उपकरणहरु प्रयोग गर्न सकिने छ ।

(झ) श्रम सहकारी संस्थाको सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको गठन सम्बन्धी अन्य व्यवस्था प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम हुनेछ ।

(ञ) श्रम सहकारी संस्थाले सहकारीका प्रचलित मूल्य, मान्यता र सिद्धान्तहरुको पालना गर्नु पर्नेछ ।

**५. सदस्यको योग्यता :**

(१) श्रम सहकारी संस्थाको सदस्यको योग्यता प्रचलित सहकारी सम्बन्धी कानूनमा उल्लेखित व्यवस्थाका साथै देहायमा उल्लेख भए बमोजिम हुनेछ :

(क) श्रमिकको रुपमा काम गर्न सक्ने सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा,

(ख) १८ वर्ष उमेर पुरा भएको,

(ग) नैतिक पतन देखिने फौंजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(घ) सरकारी बाँकि बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकि नरहेको,
(ङ) मानसिक सन्तुलन ठिक भई होस हवास नगुमाएको व्यक्ति,
(च) अन्य श्रम सहकारी संस्थामा सदस्य नरहेको,

**६. श्रम सहकारी संस्थाको काम, कर्तव्य र अधिकार :**

यस कार्यविधिमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त श्रम सहकारी संस्थाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,
(ख) सदस्यहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,
(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,
(घ) श्रम सहकारी संस्थाको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,
(ङ) श्रम सहकारी संस्थाका सदस्यहरुको क्षमता विकास गर्ने,
(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर समय र लागतमा फेरवदल गर्नुपर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,
(छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य आवश्यक कार्य गर्ने ।
(ज) आयोजना छनौट तथा प्राथमिकता विवरण तयार गर्न सक्ने ।
(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद–३
## कार्यान्वयन तथा व्यवस्थापन

**७. आयोजना कार्यान्वयन :**

(१) कार्यालयले श्रम सहकारी संस्थाबाट सञ्चालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरि भाद्र १५ भित्र कार्यान्वयन कार्य योजना बनाउनु पर्नेछ ।
(२) कार्यालयले विकास निर्माण लगायत श्रम सहकारी संस्थाका सदस्यहरुको श्रममा आधारित भई सञ्चालन हुन सक्ने कृषि सम्बन्धी कार्यहरु समेत श्रम सहकारी संस्था मार्फत सञ्चालन गर्न सक्नेछ ।
(३) सम्बन्धित वडा कार्यालयबाट योजना सञ्चालनको लागि श्रम सहकारी संस्था सिफारिस भइ आएमा कार्यालयले नेपाली भाषामा तयार गरीएको आयोजनाको ड्रईङ, डिजाईन र लागत अनुमान स्वीकृति गरी श्रम सहकारी संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।
(४) आयोजनाको कार्यान्वयनको लागि श्रम सहकारी संस्था र कार्यालय बीच अनुसूची –२ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(५) आयोजनाको प्रकृति हेरी कार्यालयले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा बस्तुगत) तोक्नु पर्नेछ ।

**८. आयोजना सम्झौताको लागि आवश्यक कागजातहरु :**

(१) श्रम सहकारी संस्थाले कार्यालयसंग सम्झौता गर्दा देहायका कागजातहरु पेश गर्नु पर्नेछ :

(क) श्रम सहकारी संस्था मार्फत आयोजना सञ्चालन गर्ने सम्बन्धी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ख) श्रम सहकारी संस्थाका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) आयोजनाको लागत अनुमान विवरण,

(घ) श्रम सहकारी संस्थाबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको संस्थाको निर्णय,

(ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका,

(च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु,

(छ) उपलब्ध जनशक्ति र न्यूनतम उपकरण तथा औजारहरुको विवरण,

(ज) कार्यालयले तोकेका अन्य कागजातहरु ।

**९. श्रम सहकारी संस्थाको क्षमता विकास :**

(१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै श्रम सहकारी संस्थाका पदाधिकारीहरुलाई निम्न विषयमा अभिमुखिकरण गर्नु पर्नेछ ।

(क) श्रम सहकारी संस्थाको काम कर्तव्य र अधिकार,

(ख) सम्पादन गर्नुपर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ता र श्रम सहकारीको योगदान,

(ग) निर्माण सामग्रीको गुणस्तर र परिमाण,

(घ) खरिद रकम निकासा प्रकृया, खर्चको लेखाङ्कन र अभिलेख व्यवस्थापन,

(ङ) कार्यान्वयन र अनुगमन प्रक्रिया,

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण,

(छ) अन्य आवश्यक विषयहरु ।

**१०. खाता सञ्चालन :**

(१) श्रम सहकारी संस्थाको खाता कार्यालयले तोकेको बैंङ्कमा सञ्चालन हुनेछ ।

(२) श्रम सहकारी संस्थाको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालन गर्दा अध्यक्षको दस्तखत अनिवार्य हुनेछ ।

(३) खाता सञ्चालकहरु मध्ये कम्तिमा एकजना महिला हुनुपर्नेछ ।

स्थानीय राजपत्र

**११. भुक्तानी प्रकृया :**

(१) आयोजनाको भुक्तानी दिंदा श्रम सहकारी संस्थाको नाममा रहेको बैंङ्क खाता मार्फत दिनु पर्नेछ । श्रम सहकारी संस्थाले एक व्यक्ति वा संस्थालाई पचास हजार भन्दा माथिको रकम भुक्तानी गर्दा चेक मार्फत मात्र गर्नु पर्नेछ ।

(२) श्रम सहकारी संस्थालाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानि दिईनेछ ।

(३) श्रम सहकारी संस्थाले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरि भुक्तानिको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) आयोजनाको अन्तिम भुक्तानी हुनुभन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै श्रम सहकारी संस्थाले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परिक्षण गर्नु पर्नेछ । सार्वजनिक परिक्षण प्रतिवेदनको ढाँचा अनुसूची –३ बमोजिम हुनेछ ।

(६) श्रम सहकारी संस्थाले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सुचना अनुसूची –४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्नेछ ।

(७) आयोजनाको कुल लागत रु ३ लाख भन्दा बढि भएका आयोजनाहरुको हकमा श्रम सहकारी संस्थाले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, साझेदारिको अवस्था, काम शुरु र सम्पन्न गर्नुपर्ने अवधि समेत देखिने गरि तयार गरिएको अनुसूची– ५ बमोजिमको ढाँचामा आयोजना सूचना पाटि आयोजना स्थलमा राख्नु पर्नेछ ।

(८) श्रम सहकारी संस्थालाई सम्बन्धित कार्यालयले ड्रईङ, डिजाईन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँच पास गर्ने लगायतका अन्य प्राविधिक सहयोग उपलब्ध गराउने । आयोजना कार्यान्वयनको समयमा कुनै कारणबाट कार्यालयले प्राविधिक सेवा उपलब्ध गराउन नसकेमा सम्झौतामा उल्लेख गरि तोकिएको खर्चको सीमा भित्र रहि श्रम सहकारी संस्थाले करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सेवा लिन सक्नेछ । तर ड्इङ डिजाइन लागत अनुमान कार्यसम्पन्न प्रतिवेदन र भुक्तानि सिफारिसको कार्य कार्यालय बाट नै हुनेछ ।

(९) श्रम सहकारी संस्थाबाट निर्माण हुने आयोजनाहरुको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि सम्बन्धित प्राविधिक कर्मचारी, श्रम सहकारी र अनुगमन समितिको हुनेछ ।

स्थानीय राजपत्र

(१०) अनुकरणीय कार्य गर्ने श्रम सहकारी संस्था प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई सभाको निर्णय बमोजिम बार्षिक रुपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ ।

(११) तोकिएको समयमा श्रम सहकारी संस्था गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा कार्यालयले अन्य प्रकृयाद्धारा काम गराउन सक्नेछ ।

**१२. निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्ने :**

(१) श्रम सहकारी संस्थाबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित श्रम सहकारी संस्थाको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

(क) निर्माण सामग्रीको गुणस्तरः निर्माण सामग्री ड्रईङ, डिजाइन र स्पेसिफिकेशन बमोजिमको गुणस्तर कायम राख्नु पर्नेछ ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः निर्माण विधि र प्रकृया कार्यालय सँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ ।

(ग) निर्माण कार्यको दिगोपना : श्रम सहकारी संस्थाबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्वन्धित श्रम सहकारीले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीः श्रम सहकारी संस्था मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्वन्धित कार्यको लागि आम उपभोक्ता, कार्यालयका प्राविधिक कर्मचारी र श्रम सहकारी संस्थाको हुनेछ ।

(ङ) कार्यालयले लगत राख्नु पर्नेः श्रम सहकारी संस्थाबाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा कार्यालयले सम्बन्धित श्रम सहकारी संस्थाका पदाधिकारी र प्राविधिक कर्मचारीलाई सचेत गराउनुका साथै आवश्यकता अनुसार अन्य कारबाही गर्न सक्नेछ । यस्तो श्रम सहकारी संस्थाको लगत राखि सो संस्थाका पदाधिकारीले कार्यालयले तोकेको निश्चत समय सम्म श्रम सहकारी संस्थामा रहि काम गर्न पाउने छैनन् ।

(च) प्रचलित कानून बमोजिम सजाय हुनेः श्रम सहकारी संस्था मार्फत सञ्चालन भएका आयोजनाहरुमा कुनै प्रकारको आर्थिक हिनामिना वा प्रचलित कानून बमोजिम कसुर मानिने कुनै कार्य भए गरेको पाइएमा सो विषयमा प्रचलित कानून बमोजिम कारबाही हुन सक्नेछ ।

**१३.अनुगमन समितिको व्यवस्था :**

(१) तोकिएको गुणस्तर, परिमाण र समयमा आयोजना सम्पन्न गर्न गराउन श्रम सहकारी संस्थाले सम्पादन गर्ने कार्यको अनुगमन गरि आयोजनाको गुणस्तर, परिमाण आदि सुनिश्चित गर्न श्रम सहकारी संस्था मार्फत

सञ्चालन गरिने आयोजनाहरुको आयोजना स्थलका आम उपभोक्ताहरुको भेलाले कम्तीमा २ जना महिला सहित ५ सदस्यिय अनुगमन समितिको गठन गर्नु पर्नेछ ।

(२) अनुगमन समितिका पदाधिकारीहरुको छनौट गर्दा श्रम सहकारी संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिमा रहेका भन्दा बाहेकको व्यक्ति हुनु पर्नेछ ।

(३) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आयोजनाको कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने ।

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका र सम्झौता बमोजिम काम भए नभएको यकिन गर्ने र नगरेको पाईएमा सम्वन्धित पक्ष लाई सचेत गराउने ।

(ग) आवश्यक अन्य कार्य गर्ने ।

(घ) श्रम सहकारी संस्था मार्फत सञ्चालन गरिएका आयोजनाहरुको कार्यालयले समेत स्थानीय तहको कानून बमोजिम अनुगमन तथा सुपरिवेक्षण गर्नेछ । यसरी कार्यालयले अनुगमन गर्दा सम्झौता बमोजिम कार्य सम्पादन भएको नपाईएमा नियमानुसार आवश्यक कारबाही गर्न सक्नेछ ।

## परिच्छेद–४
## विविध

**१४. सहजिकरण र सहयोग गर्नु पर्ने :**

श्रम सहकारी संस्थाले आयोजनाको सुपरिवेक्षण अनुगमन/निरिक्षण गर्न कार्यालयबाट आएको अनुगमन समितिका पदाधिकारी वा कर्मचारीलाई आवब्यक विवरण उपलब्ध गराउने तथा आयोजना स्थल अनुगमनको लागि सहजिकरण सहयोग गर्नु पर्नेछ ।

**१५. श्रम सहकारी संस्थाको दायित्व :**

(१) श्रम सहकारी संस्थाले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व बहन गर्नु पर्नेछ ।

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने असरलाई न्यूनिकरण गरी वातावरणिय सन्तुलन कायम गर्ने सम्वन्धि कार्य,

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्वन्ध कायम गर्नुपर्ने,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने,



स्थानीय राजपत्र

(ङ) श्रम सहकारी संस्थाले आयोजना सञ्चालन गर्दा सम्बन्धित आयोजना स्थलका आफ्नो संस्थाका सदस्यहरुलाई श्रमिकको रुपमा परिचालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(च) श्रम सहकारी संस्थाले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१६. मापदण्ड, मार्गदर्शन वा निर्देशिका बनाउन सक्ने :**

(१) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन, मुल्याङ्कन गरी सम्वन्धित श्रम सहकारी संस्थालाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिनेछ ।

(२) श्रम सहकारी संस्थाबाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने र श्रम सहकारी संस्थाको सञ्चालन सम्बन्धी अन्य विषय व्यवस्थित गर्ने प्रयोजनको लागि टीकापुर नगरपालिकाले थप मापदण्ड, मार्गदर्शन वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**१७. बचाउ तथा खारेजी :**

(१) यस कार्यविधिमा उल्लेखित प्रावधानहरु प्रचलित सहकारी सम्बन्धी कानूनमा बाझिएको हदसम्म स्वत अमान्य हुनेछ ।

(२) कार्यालय सँगको सम्झौता बमोजिम श्रम सहकारी संस्था मार्फत सञ्चालन हुने आयोजनाको सञ्चालन सम्बन्धी व्यवस्था यसै यस कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । श्रम सहकारी संस्थाको गठन, सञ्चालन, नियमन, खारेजी सम्बन्धी अन्य विषयहरु प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम हुनेछ ।

**१८. कार्यविधिको व्याख्या:** यस कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

**१९ कार्यविधिको शंसोधन:** कार्यपालिकाले आवश्यक्ता अनुसार यस कार्यविधि शंसोधन गर्न सक्नेछ ।

स्थानीय राजपत्र

## अनुसूचि–१
## (कार्यविधिको दफा ४ (३) (छ) सँग सम्बन्धित )
## श्रम सहकारीको लगत
## टीकापुर नगरपालिका

| क.सं. | श्रम सहकारी संस्थाको नाम र ठेगाना | स्थायी लेखा नं. | पदाधिकारीको नाम र सम्पर्क नं. | | | | जम्मा सदस्य संख्या | गठन मिति | बैंकको नाम | खाता नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

स्थानीय राजपत्र

## अनुसूचि–२
## कार्यविधिको दफा ७ (४) सँग सम्बन्धित
## टीकापुर नगरपालिका
## योजना सम्झौता फारम

**१. सम्झौता गर्ने पक्ष र आयोजना :**

(क) श्रम सहकारी संस्थाको विवरण :

(अ) नाम :

(आ) ठेगाना :

(ख) आयोजनाको विवरण :

(अ) नाम :

(आ) आयोजना स्थल :

(इ) उद्देश्य :

(ई आयोजना सुरु हुने मिति :

**(२) आयोजनाको लागत सम्वन्धि विवरण :**

(क) लागत अनुमान रु.

(ख) लागत व्यहोर्ने श्रोतहरु :

(अ) कार्यालय :

(आ) श्रम सहकारी :

(इ) अन्य :

(ग) वस्तुगत अनुदानको विवरण सामाग्रिको नाम एकाई

(अ) संघबाट

(आ) प्रदेशबाट

(इ) टीकापुर नगरपालिकाबाट

(ई गैह्रसरकारी संघसंस्थाबाट

(उ) विदेश दातृ संघसंस्थाबाट

(ऊ) श्रम सहकारीबाट

(ऋ) अन्य निकायबाट

(घ) आयोजनाबाट लाभान्वीत हुने :

(अ) घरपरिवार संख्या :

(आ) जनसंख्या :

(इ) संगठित संस्था :

(ई अन्य :

**(३) श्रम सहकारी संस्थाको विवरण :**

(क) गठन भएको मिति

(ख) पदाधिकारीको नाम र ठेगाना (नागरीकता प्रमाणपत्र नं. र जिल्ला समेत)

(अ) अध्यक्ष :

(आ) उपाध्यक्ष :

(इ) कोषाध्यक्ष :
(ई) सचिव :
(उ) सदस्य :
(ऊ) सदस्य :
(ऋ) सदस्य :

(ग) गठन गर्दा उपस्थित लाभान्वित संख्या :

**(४) आयोजना सञ्चालन सम्वन्धि अनुभव :**

**(५) श्रम सहकारी संस्थाले सम्पादित कामको प्राविधिक मुल्यांकनका आधारमा प्राप्त गर्ने किस्ता विवरण :**

| किस्ताको क्र.सं. | मिति | किस्ताको रकम | निर्माण सामग्रि | परिणाम | कैफियत |
|---|---|---|---|---|---|
| पहिलो | | | | | |
| दोस्रो | | | | | |
| तेस्रो | | | | | |
| **जम्मा** | | | | | |

(६) आयोजना मर्मत सम्भार सम्वन्धि व्यवस्था :

(क) आयोजना मर्मत सम्भारको जिम्मा लिने समिति/संस्थाको नाम :

(ख) मर्मत सम्भारको सम्भावित स्रोत (छ/छैन खुलाउने

जनश्रमदान :
सेवा शुल्क :
दस्तुर चन्दा :
अन्य केहि भए :

सम्झौताका शर्तहरु

श्रम सहकारी संस्थाको जिम्मेवारी तथा पालना गरीने शर्तहरु :

(१) आयोजना मिति : .................. देखि शुरु गरी मिति : .................... सम्ममा पुरा गर्नु पर्नेछ ।

(२) प्राप्त रकम तथा निर्माण सामाग्री सम्वन्धित आयोजनाको उद्देश्का लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

(३) नगदि, जिन्सी सामानको प्राप्ति, खर्च र बाँकि तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेछ ।

(४) आम्दानी खर्चको विवरण र कार्यप्रगतिको जानकारी श्रमसहकारीमा छलफल गरि अर्को किस्ता माग गर्नु पर्नेछ ।

स्थानीय राजपत्र

(५) आयोजनाको कुल अनुमानित लागतभन्दा घटि लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविकनै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनु पर्नेछ ।

(६) श्रम सहकारीले प्राविधिकको राय, परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्नेछ ।

(७) श्रम सहकारीले आयोजना सँग सम्वन्धित विल भर्पाईहरु, डोर हाजिरि फारमहरु, जिन्सि नगदि खाताहरु समिति/समुहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलब्ध गराउनु पर्नेछ र त्यस्को लेखा परिक्षण पनि गराउनु पर्नेछ ।

(८) कुनै सामग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनिबाट खरिद गरि सोहि अनुसारको विल भर्पाई आधिकारीक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(९) मुल्य अभिवृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु. २०,०००।– भन्दा बढि मुल्यको सामग्रिमा अनिवार्य रुपमा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति वा फर्म संस्था वा कम्पनिबाट खरिद गर्नु पर्नेछ । साथै उक्त विलमा उल्लेखित मुल्य अभिवृद्धि कर बाहेकको रकममा १.५ प्रतिशत अग्रिम आयकर वापत करकट्टि गरि बाँकि रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानि हुनेछ । रु.२०,०००।– भन्दा कम मूल्यको सामग्री खरिदमा पान नं. लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नुपर्नेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।

(१०) प्राविधिकको सिफारिसमा कार्यालयबाट अनुमति पाएर डोजर रोलर लगाएतका मेशिनरी समान भाडामा लिएका एवं घर बहालमा लिई बिल भर्पाइ पेश भएको अवस्थामा १० प्रतिशत घर भाडा कर एवं बहाल कर तिर्नु पर्नेछ ।

(११) प्रशिक्षकले पाउने पारिश्रमिक एवं सहभागिले पाउने भत्तामा प्रचलित नियम अनुसार कर लाग्नेछ ।

(१२) निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संशोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अनुमान संशोधन नगरि कार्य गरेमा श्रम सहकारी/समुहनै जिम्मेवार हुनेछ ।

(१३) श्रम सहकारीले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत सम्भार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित श्रम सहकारीमा रहनु पर्नेछ । सामानको विवरण एक प्रति सम्वन्धित वडा तथा नगर कार्यालयलाई जानकारीको लागि

बुझाउनु पर्नेछ । हिनामिना भएको सामानको मूल्य सम्बन्धित श्रम सहकारीबाट असुल उपर गरिने छ ।

(१४) सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानिको लागि कार्य सम्पन्न प्रतिवेदन, नापि किताव, प्रमाणित विल भर्पाई, योजनाको फोटो, सम्बन्धित श्रम सहकारीले आयोजना सञ्चालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता तथा सहकारी भेलाबाट भएको सार्वजनिक लेखा परिक्षणको निर्णयको प्रतिलिपि तथा सम्वन्धित वडा कार्यालयको सिफारीस सहित अन्तिम किस्ता भुक्तानिको लागि निवेदन पेश गर्नु पर्नेछ ।

(१५) आयोजना सम्पन्न भई कार्यालयबाट जाँचपास गरि अन्तिम लेखा परीक्षण प्रतिवेदन कार्यालयलाई प्राप्त भए पछि फरफारक लिनुपर्नेछ । साथै आयोजनाको आवश्यक मर्मत संभारको व्यवस्था सम्बन्धित श्रम सहकारी संस्थाले गर्नु पर्नेछ ।

(१६) आयोजना कार्यान्वयन गर्ने समुह वा श्रम सहकारी संस्थाले आयोजनाको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन अनुसूचि-६ को ढाँचामा सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१७) आयोजनाको दिगो सञ्चालन तथा मर्मत सम्भारको व्यवस्था गर्नु पर्नेछ ।

(१८) आयोजनाको सबै काम कार्यालयको निर्देशन र श्रम सहकारी संस्थाको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ ।

कार्यालयको जिम्मेवारी तथा पालना गरीने शर्तहरु :

१. आयोजनाको बजेट, श्रम सहकारीको काम, कर्तव्य तथा अधिकार, खरिद, लेखांकन, प्रतिवेदन आदि विषयमा श्रम सहकारीका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. आयोजनामा आवस्यक प्राविधिक सहयोग कार्यालयबाट उपलब्ध गराउन सकिने अवस्थामा गराईनेछ र नसकिने अवस्था भएमा श्रम सहकारीले बाह्य बजारबाट सेवा परामर्श अन्तर्गत सेवा लिन सक्नेछ ।

३. आयोजनाको प्राविधिक सुपरिव्यक्षणको लागि कार्यालयको तर्फबाट प्राविधिक खटाईनेछ । श्रम सहकारीबाट भएको
कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ ।

४. पेश्की लिएर लामो समयसम्म आयोजना सञ्चालन नगर्ने श्रम सहकारीलाई कार्यालयले नियम अनुसार कारबाहि गर्नेछ ।

५. श्रममूलक प्रविधिबाट कार्य गराउने गरि लागत अनुमान स्वीकृत गराई सोहि बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो श्रम सहकारीसँग सम्झौत रद्द गरि श्रम सहकारीलाई भुक्तानि गरिएको रकम मुल्यांकन गरी बढि भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारक गर्नुपर्नेछ ।

७. आवश्यक कागजात संलग्न गरी भुक्तानि उपलब्ध गराउन सम्वन्धित श्रम सहकारीबाट अनुरोध भई आएपछि श्रम सहकारी संस्थाको बैंक खातामा भुक्तानि दिनु पर्नेछ ।

८. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामि निम्न पक्षहरु मन्जुर गर्दछौं ।

**श्रम सहकारी संस्थाको तर्फवाट**

दस्तखत : ................................

नाम थर : ...............................

पद : .....................................

ठेगाना : .................................

सम्पर्क नं. : ............................

मिति : ...................................

छाप : ...........

**कार्यालयको तर्फबाट**

दस्तखत : ...........................

नाम थर : ...........................

पद : ...............................

ठेगाना : ...........................

सम्पर्क नं. : .........................

मिति : .............................

छाप : ...........

स्थानीय राजपत्र

## अनुसूचि–३
## (कार्यविधिको दफा ११ (५) सँग सम्बन्धित)
## सार्वजनिक परीक्षण फारम

पेश गरेको कार्यालय :

**१. आयोजनाको नाम :**

(क) स्थल : (ख) लागत अनुमान :

(ग) आयोजना शुरु हुने मिति :

(घ) आयोजना सम्पन्न हुने मिति :

**२. श्रम सहकारी संस्थाको** (क) नाम : (ख) अध्यक्षको नाम :

(ग) सदस्य संख्या : महिला : पुरुष :

**३. आम्दानि खर्चको विवरण :**

**(क) आम्दानि तर्फ :**

| क्र. सं. | आम्दानिको श्रोत -कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने रकम वा परिमाण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

**(ख) खर्च तर्फ**

| क्र.सं. | खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|---|
| १ | सामाग्रि (के के सामग्रि खरिद भयो ?) | | | |
| २ | ज्याला (कति के मा भुक्तानि भयो ?) | | | |
| ३ | श्रमदान (कति जनाले श्रमदान गरे ?) | | | |
| ४ | व्यवस्थापन खर्च (ढुवानि तथा अन्य खर्च ?) | | | |
| | | | | |

स्थानीय राजपत्र

**(ग) मौज्दात**

| क.सं. | विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नगदि | | |
| २ | बैंक | | |
| ३ | व्यक्तिगत जिम्मा | | |
| ४ | सामग्रीहरु | | |

**(घ) भुक्तानि दिन बाँकि**

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |

**४. सम्पन्न आयोजनको लक्ष्य तथा प्रगति विवरण**

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |

५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या - आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरु ।

६. आयोजन सञ्चालन गर्दा आयोजना संस्थामा कामको जिम्मेवारी बाँडफाँड क-कस्ले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने ।

उपस्थिति :

१)

२)

३)

४)

५) रोहवर : नामथर : पद : मिति :

द्रष्टव्य : सार्वजनिक परिक्षण कार्यक्रम उपस्थित सरोकारवालाहरुको उपस्थिति अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

स्थानीय राजपत्र

**अनुसूचि–४**
**(कार्यविधिको दफा ११ (६) सँग सम्वन्धित )**
**खर्च सार्वजनिक सूचना फारम**

मिति : २० / /

१. आयोजनाको नाम :
२. आयोजना स्थल :
३. विनियोजित बजेट :
४. आयोजना स्वीकृत भएको आ.व.
५. आयोजना सम्झौता भएको मिति
६. काम सम्पन्न गर्नु पर्ने मिति :
७. काम सम्पन्न भएको मिति :
८. श्रम सहकारी संस्थाको बैठकले खर्च स्वीकृत गरेको मिति :

**आम्दानि र खर्चको विवरण**

| आम्दानि | | खर्च | |
|---|---|---|---|
| विवरण | रकम रु. | विवरण | रकम रु. |
| प्रथम किस्ता | | ज्याला | |
| दोश्रो किस्ता | | निर्माण सामग्रि खरिद | |
| तेश्रो किस्ता | | ढुवानि | |
| जनश्रमदान | | भाडा | |
| बस्तुगत सहायता | | व्यवस्थापन खर्च | |
| लागत सहभागिता | | | |

माथि उल्लेख भएअनुसारको आम्दानी तथा खर्च विवरण यथार्थ हो । यसमा सबै आम्दानि तथा खर्चहरु समावेश गरिएकोछ । साथै श्रम सहकारी संस्था र उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ । यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ ।

| ........................ | ...................... | ...................... |
|---|---|---|
| अध्यक्ष | कोषाध्यक्ष | सचिव |



स्थानीय राजपत्र

## अनुसूचि–५
## (कार्यविधिको दफा ११ (७) संगको सम्वन्धित )
## आयोजना सूचना पाटीको नमुना

१. आयोजनाको नाम :
२. आयोजना संचालन गर्ने कार्यालय/कार्यक्रमको नाम :
३. श्रम सहकारी संस्थाको अध्यक्षको नाम र सम्पर्क नं. :
४. आयोजनाको कुल लागत रकम रु. :
    ४.१ आयोजना कार्यालयबाट व्यहोर्ने लागत रु. :
    ४.२ जन सहभागिताबाट व्यहोर्ने लागत रु. :
    ४.३ आयोजनामा लगानि गर्ने अन्य निकायको नाम र व्यहोर्ने लागत रकम रु. :
५. आयोजना सम्झौता मिति :
६. आयोजना सम्पन्न गर्ने मिति :
७. आयोजनाबाट लाभान्वित जनसंख्या :

स्थानीय राजपत्र

## अनुसूचि–६
## (कार्यविधिको दफा १५ (१) (च) सँग सम्वन्धित)
## श्रम सहकारी संस्थाको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन

विवरण पेश गरेको कार्यालय ........................

१. आयोजनाको विवरण
आयोजनाको नाम : वडा नं. ... टोल/वस्ति ........
श्रम सहकारी संस्थाका अध्यक्ष : सचिव :

२. आयोजनाको लागत : प्राप्त अनुदान रकम रु. ............................
चन्दा रकम रु. .......................
जनसहभागिता रकम रु. ...................... जम्मा रकम रु. ......................

३. हाल सम्मको खर्च रु. ...........................
(क) कार्यालयबाट प्राप्त रकम रु. ..............................

१. निर्माण सामग्रिमा (सिमेन्ट, छड,काठ, ढुंगा वा ढुंगा, गिट्टी, उपकरण आदि) रु..............................
२. ज्याला : दक्ष रु.............. अदक्ष्य रु. .......... जम्मा रु. ................
३. मसलन्द सामान (कपि,कलम, मसी, कागज, आदि ) रु.
४. अन्य रु........................

(ख) जन सहभागिताबाट व्यहोरिने आयोजना रकमको १० प्रतिशत श्रमको मुल्य बरावर रकम रु. ..................
जिन्सि सामान मुल्य बराबर रकम रु. .........................
कुल जम्मा रु. .......................

४. प्राविधिक प्रतिवेदन बमोजिम मुल्यांकण रकम रु. ............................

५. श्रम सहकारी संस्थाको निर्णय बमोजिम/समिक्षाबाट खर्च देखिएको रु. ..........................

६.कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु
क.
ख.
ग.

स्थानीय राजपत्र

७.समाधाानका उपायहरु :

क.

ख.

ग.

८. कार्यालयबाट र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझाव :

९. हाल माग गरेको किस्ता रकम रु...................

१०. मुख्य खर्च प्रयोजन रु.........................

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौं ।

| | | | |
|---|---|---|---|
| ................ | ................ | ................ | ................ |
| तयार गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |

आज्ञाले,
लक्ष्मणबहादुर कठायत
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपालिको कार्यालय

स्थानीय राजपत्र